


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २६७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज २२ गते शुक्रबार ❑ 8 Oct. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## मुलुकलाई संकबाट उतार्न कांग्रेस नेतृत्व आवश्यक : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ असोज**




गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले मुलुकमा जब संकट पर्छ तब कांग्रेसमाथि थप जिम्मेबारी आइलाग्ने बताएका छन् । नेपाली कांग्रेस पोखरा महानगरले दशैं, तिहार, नेपाल सम्वत, छठ तथा ईदको अवसर पारेर बिहीबार गरेको चियापान तथा शुभकामना आदान प्रदान कार्यक्रममा उनले पार्टीको स्थापनाकालदेखि नै यो प्रक्रिया निरन्तर चलेको बताएका हुन् ।

गएको चुनावमा कम्युनिस्टले २ तिहाइ ल्याएपछि नेपाली कांग्रेस निर्धक्कसँग प्रतिपक्षमा बसेपछि उनीहरुबीचकै कलहले संवैधानिक संकट निम्तेपछि कांग्रेस अघि सर्नु परेको उनले बताए । उनले भने, 'चुनावका बेला कांग्रेससँग अत्तालिएर अप्राकृतिक गठवन्धन बन्यो, सरकार बनेदेखि नै खटपट सुरु भयो, आखिर गठवन्धन टुटेर छाड्यो ।' कांग्रेस प्रतिपक्षमा बस्दा पनि रचनात्मक भूमिका खेलेको स्मरण गर्दै उनले अहिले सरकारमा रहँदा झनै जिम्मेवारी थपिएको भनाइ राखे । २०६४ को चुनावमा माओवादी ठूलो पार्टी बने पनि संविधानसभाले संविधान दिन नसकेको भन्दै त्यसका लागि पनि कांग्रेस नै अग्रसर हुनुपरेको स्मरण गरे । उनले भने, ' विगतका घटनाहरुले हामीलाई पाठ सिकाएका छन्, विकास र समृद्धिका लागि कांग्रेसकै नेतृत्व आवश्यक पर्ने रहेछ ।' मुलुकमा भएका सबै खालका परिवर्तनका लागि कांग्रेसकै नेतृत्वदायी भूमिका महत्वपूण रहेको पनि उनले दोहो¥याए । कांग्रेस अहिले १४ औं महाधिवेशनमा लागिरहँदा वडा, पालिका र हिमाली जिल्लामा चुनाव भइसकेको भन्दै उनले अब पार्टीलाई थप सशक्त बनाउनुपर्नेमा जोड दिए । पार्टीभित्र हुने आन्तरिक लोकतन्त्रका लागि चुनावी प्रक्रिया अपनाइ पनि यसलाई सहज रुपमा लिन उनले कार्यकर्तासँग आग्रह गरे । उनले भने, 'जुझारु, सक्रिय, एक अर्काको अस्तित्व स्वीकार्ने कांग्रेस बनाएर अगाडि बढ्नुहोस, यही शुभकामना छ ।' कास्की कांग्रेसको चिप्लेढुंगास्थित पार्टी कार्यालयमा भएको कार्यक्रममा प्रदेश मन्त्रीद्वय कुमार खड्का, बिन्दुकुमार थापा, पार्टीका पूर्व महामन्त्री तारानाथ रानाभाट, पूर्वमन्त्री यज्ञबहादुर थापा, शुक्रराज शर्मा, महादेव गुरुङ, कास्की सभापति कृष्ण केसी सहित नेता कार्यकर्ताको बाक्लो उपस्थिति थियो । नगर सभापति सुरेन्द्र बिजुक्छेले कांग्रेस संस्थापक बिपी कोइरालाले सुरु गरेको चियापान समारोहलाई जिल्ला र पालिकास्तरसम्म पनि निरन्तरता दिइएको बताए । आपसी भाइचार स्थापना र संगठन सुधारका लागि यस्ता कार्यक्रम फलदायी हुने उनको भनाइ थियो । कार्यक्रममा नगर उपसभापति प्रयागराज भण्डारी, सचिव टुबराज बास्तोलाले शुभकामनासहित भनाइ राखेका थिए ।

## छरिएर रहेको पुँजीलाई ठिक ढगंले परिचालन गर्न सके आर्थिक विकास हुन्छः मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ असोज**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले छरिएर रहेको निजी पुंजिलाई ठिक ढंगले परिचालन गर्न सके आर्थिक विकास हुने बताए ।

बन्दीपुर केवलकार एण्ड टुरिजम लिमिटेडको सातौं साधारण सभाको विहिबार उद्घाटन गर्दै मन्त्री बरालले राज्यसंग भन्दा निजी क्षेत्रमा बढी पुंजि भएको उल्लेख गर्दै छरिएको उक्त पुंजिलाई ठिक ढंगले परिचालन गर्न सके आर्थिक विकास हुने बताएका हुन् ।

आर्थिक विकास र समृद्धिको लागि पहिला देशमा स्थायी राजनीति आवश्यक भएको बताउदै मन्त्री बरालले पुंजिलाई औधोगिकरण गर्नुपर्नेमा जोड दिए । प्रगतीशिल पुंजि भन्दा हाल देशमा दलाल नोकरशाही पुंजले प्रथामिकता पाएको उनले बताए । नगद पुंजिलाई औधोगिककरण गरी बस्तु र मुल्यश्रृखलासंगको समायोजन




भएमा मात्र प्रगतीशिल पुंजिको परिचालन हुने मन्त्री बरालको भनाई थियो । प्रगतीशिल पुंजिले बस्तु उत्पादनसंगै रोजगारी सृजना हुने उनले बताए । निर्वाहमुखी सोचबाट माथि उठेर बृहत योजनाका साथ सामुहिक लगानीमा ठुला योजना बनाउन तर्फ केन्द्रित हुनु पर्ने मन्त्री बरालको भनाई थियो । बन्दीपुर केवलकारले जनतासंग जोडेर स्थानिय किसानलाई प्रोत्साहन हुने कार्यक्रम ल्याएकोमा प्रशंम्सा गर्दै मन्त्री बरालले केवलकारले अघि सारेको बृहत योजनालाई सफल पार्न प्रदेश सरकारले आवश्यक सहयोग गर्ने जनाए । निजी क्षेत्रको पुंजिलाई परिचालन गर्न बृहत योजनाका साथ अघि बढेमा कानूनि उल्जनलाई प्रदेश सरकारले सरलीकरण गर्ने मन्त्री बरालले विश्वास व्यक्त गरे । करको दायरा बढाउदै आन्तरिक पुंजि बृद्धि गरी प्रदेश सरकारलाई आत्मनिर्भर बनाउन तर्फ आफ्नो ध्यान केन्द्रित रहेको मन्त्री बरालको भनाई थियो ।

कम्पनीका अध्यक्ष रामचन्द्र शर्माको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा बन्दीपुर गाउँपालिकाका अध्यक्ष पुर्णसिंह लामा, राष्टिय प्राकृतिक श्रोत तथा वित्त आयोगका सदस्य जुद्ध बहादुर गुरुङ,, नेपाल उद्योग बाणिज्य महासंघका केन्द्रिय सदस्य देवकुमार श्रेष्ठ, तनहुँका जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ने, आवूखैरेनी गाउँपालिकाका अध्यक्ष गिर बहादुर थापा, बन्दीपुर गाउँपालिका वडा नम्बर ६ का वडा अध्यक्ष सन्तबहादुर गुरुङ, कम्पनीका प्रमुख कार्यकारी अधिकृत किरण पोखरेल लगायतले केवलकार निर्माणले यस क्षेत्रको पर्यटन प्रबर्द्धन सहित आर्थिक विकास हुने विश्वास व्यत्त गरे । उक्त अवसरमा कम्पनीले यस बर्ष पत्रकार मदन वाग्लेलाई सम्मान गरेको छ । उद्यमशिलता पत्रकारिता पुरस्कारबाट पुरस्कृत भएका वाग्लेलाई कम्पनीले सम्मानपत्रको साथमा एक लाख मुल्य बराबरको कम्पनीको शेयर समेत प्रदान गरेको हो । यसैबिच, तनहुँको बन्दीपुरमा निर्माण हुदै गरेको बन्दीपुर केवलकार कोभिडको कारण अबको करिब एक बर्षमा संचालमना आउने भएको छ । केही

बाँकी अन्तिम पृष्ठमा ▶▶

## नेकपा (एकिकृत समाजवादी) ले शुक्रबार मन्त्रीको टुङ्गो लगाउने

**रासस**
**काठमाडौं, २१ असोज**

नेकपा (एकीकृत समाजवादी)ले सरकारबाट सहभागी हुने मन्त्रीको नाम शुक्रबार टुङ्गो लगाउने भएको छ ।

बिहीबार यहाँ बसेको स्थायी कमिटी बैठकले सरकारमा सहभागी हुने मन्त्रीको टुङ्गो शुक्रबार बस्ने केन्द्रीय सचिवालय बैठकले गर्ने भएको बैठकपछि पत्रकारसँग कुराकानी गर्दै पार्टीका प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए । महासचिव बेदुराम भुसालको संयोजकत्वमा आज गठित ११ सदस्यीय केन्द्रीय सचिवालय बैठक शुक्रबरा बस्ने भएको छ । उनका अनुसार पार्टीले शहरी विकास मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्यन र श्रम, रोजगार तथा सामाजिक मन्त्रालय पाउने भएको छ । सबै गठबन्धन दलले सरकारमा सहभागी हुने मन्त्रीको नामावली बुझाएपछि मन्त्रिपरिषद् विस्तार हुने जानकारी दिए । यस्तै बैठकले एक उपमहासचिव र तीन सचिव थप्ने निर्णय गरेको पार्टीका प्रचार विभाग प्रमुख खतिवडाले जानकारी दिनुभयो ।

## ८०५ जना संक्रमित

**रासस**
**काठमाडौं, २१ असोज**

नेपालमा पछिल्लो २४ घण्टामा ८०५ जनामा कोरोना भाइरसको संक्रमण देखिएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार १० हजार ६७२ जनामा कोरोना परीक्षण गर्दा ८०५ जनामा संक्रमण पाइएको हो ।

बिहीबार थपिएकासँगै देशभर सक्रिय संक्रमित १५ हजार ९४२ जना रहेका छन् । पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला

बाँकी अन्तिम पृष्ठमा ▶▶

## विन्ध्यवासिनी मन्दिरमा नवदुर्गा महोत्सव सुरु



**पोखरापत्र संवाददाता**
**पोखरा, २१ असोज**

पोखराको विन्ध्यवासिनी मन्दिरमा आज घटस्थापना देखि नव दुर्गा महोत्सव सुरु भएको छ । नवरात्रिसम्म संचालन हुने उक्त महोत्सव गण्डकी प्रदेशका भौतिक पूर्वाधार तथा सहरी विकास यातायात व्यवस्था मन्त्री कुमार खड्का, अर्थ मन्त्री रामजीप्रसाद बराल जीवन, शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठ र त्यसैगरी कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री विन्दुकुमार थापाले संयुक्त रुपमा उद्घाटन गर्नु भएको हो। कोरोनाको समयमा आवश्यक स्वास्थ्य मापदण्डको पालना गर्दै महोत्सव संचालन हुने विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष गणेश बहादुर श्रेष्ठले बताउनु भयो ।

## चरक इन्स्टिच्युट अफ हेल्थ साइन्सको भवन उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ असोज**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले पोखरालाईशिक्षा,स्वास्थ्यरपर्यटनको राजधानी बनाउनुपर्ने बताएका छन् । पोखराको काहुँमा निर्मित चरक इन्स्टिच्युट अफ हेल्थ साइन्सको भवन बिहीबार उद्घाटनपछि मुख्यमन्त्री पोखरेलले यसका लागि प्रदेश सरकारले लगानीको वातावरण बनाइरहेको बताए ।



प्रदेश समृद्धिको आधार पर्यटन नै भएकाले शिक्षा र स्वास्थ्यलाई पनि सँगै जोडन लैजान सकिने उनको भनाइ थियो । भौगोलिक हिसावले पोखरामा ठूला उद्योग र कलकारखाना स्थापनाको सम्भावना नभएकाले शिक्षा र स्वास्थ्यलाई नै जोड दिइएको मुख्यमन्त्री पोखरेलले बताए । प्राकृतिक रुपमा सुन्दर, भौगोलिक रुपमा मनोरम पोखरामा स्वदेशका मात्र नभए विदेशका विद्यार्थी आकर्षित गर्ने गरी शैक्षिक संस्था सञ्चालनका लागि उनले निजी क्षेत्रसँग आग्रह गरे । कोभिड महामारीका बेला चरक मेमोरियल हस्पिटल, नर्सिङ कलेजजस्ता निजी संस्थाले अतुलनीय योगदान पु¥याएको भन्दै मुख्यमन्त्रीले प्रशंसा गरे । हाल यस कलेजमा पिसिएल नर्सिङ, जनरल मेडिसिन,डिप्लोमा इन फार्मेसीको पढाई भइरहेको र अन्य संकायहरुपनि थप गर्दै लैजाने कलेजको योजना रहेको चरक इन्स्टिच्युट अफ हेल्थ साइन्स प्रालिका अध्यक्ष कपिल पोखरेलले बताए ।

१६ वर्ष अघि पोखराको काहुँमा खुलेको नर्सिङ कलेजलाई हाल चरक मेमोरियल हस्पिटल लगायतको ग्रुपले लिएर नयाँ व्यवस्थापनका साथ सञ्चालन गर्दै आएको चरक इन्स्टिच्युट अफ हेल्थ साइन्सका प्रबन्ध निर्देशक आरसि रेग्मीले बताए । पूर्व स्वास्थ्य मन्त्री तथा प्रतिनिधि सभा सदस्य खगराज अधिकारीले स्वास्थ्य सेवालाई सहज बनाउन सरकारले धेरै काम गर्न बाँकी रहेको भनाइ राखे । कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्री मधु अधिकारी गुरुङले नागरिकको स्वास्थ्यको अधिकार प्रत्याभूत गर्न सरकार सदा प्रतिबद्ध रहेको बताइन् । प्रदेश सरकारले सिमित स्रोत र साधनकाबीच पनि नागरिकले महसुस गर्ने गरी का थालेको उल्लेख गरिन् । कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दुकुमार थापाले पोखराको सुन्दरताको अधिकतम प्रयोगका लागि जुनसुकै तरिका अपनाएर भए पनि पर्यटक भित्र्याउनुपर्ने भनाइ राखे । प्रदेश सभा सदस्य राजीव पहारीले निजी तबरबाट सञ्चालित शैक्षिक र स्वास्थ्य संस्थाहरुको योगदानको मूल्यांकन राज्यस्तरबाट हुन नसकेको बताए । कार्यक्रममा निजी स्वास्थ्य संस्थाहरुको संगठन (अफिन) गण्डकी संयोजक अशोक पालिखेले सरकारले निजी नर्सिङ कलेजलाई मर्का पर्ने गरी गतिविधि गर्दै आएको भनाइ राखे । पोखरामा ५ र प्रदेशभर १४ नर्सिङ कलेज रहेको भन्दै उनले सिटिइभिटी र सरकारको प्रष्ट धारणा नआउँदा सञ्चालक र विद्यार्थी मर्कामा परेको बताए ।

चरक इन्स्टिच्युट अफ हेल्थ साइन्स प्रालिका अध्यक्ष कपिल पोखरेलले पोखरामा शिक्षा र स्वास्थ्यको सम्भावना देखेर नै दक्ष जनशक्ति उत्पादनका लागि कलेज सञ्चालनमा ल्याइएको बताए। कार्यक्रममा कलेजका सञ्चालक टंक अधिकारी, सिटिइभिटी गण्डकी प्रमुख प्रमोद आचार्य, प्रदेश शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयका सचिव विनोदबहादुर कुँवर, पोखरा विश्वविद्यालय स्वास्थ्य संकायका डिन डा. अमर नागिला लगायतले भनाइ राखेका थिए ।




# राष्ट्रिय ए डिभिजन फुटसल लिग : शंखमुल फाइनलमा प्रवेश

पोखरापत्र संवाददाता
पोखरा, २१ असोज



काठमाडौंको शंखमुल फुटसल पोखरामा जारी राष्ट्रिय फुटसल लिगको फाइनलमा प्रवेश गरको छ। पोखरा रंगशाला बहुउदेश्यीय कभर्डहलमा बिहिबार भएको निकै प्रतिस्पर्धात्मक क्वालिफाइ खेलमा शंखमुलले द राइजिङ क्लब धरानलाई ४-३ गोल अन्तरले हराउँदै फाइनमा स्पोर्ट्स क्यासल संगको भेट पक्का गरेको हो । शंखमुलको जितमा मणि लामा नायक बने। उनले ४ गोल गर्दै टोलीलाई फाइनलमा पुऱ्याए। खेलको सुरुवातमै मणिले गोल गर्दै अग्रता दिलाए। सुरुवातमै गोल भएपछि खेल निकै रोमाञ्चक बन्न पुगेको थियो। ११ औं मिनेटमा राइजिङका विसन श्रेष्ठले बराबरी गोल फर्काए । १५ औं मिनेटमा शंखमुलका मणिले गोल गर्दै पुनः अग्रता दिलाए । पहिलो हाफमा अग्रता कायम राखेको शंखमुलले दोस्रो हाफमा भने लय गुमाउन पुगेको थियो । २४ औं मिनेटमा हेमन्त थापा मगरले गोल गर्दै खेल बराबरीमा ल्याए । विशनले २८ औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दै राइजिङलाई अग्रता दिलाए । त्यसपछि राइजिङले निकै उत्कृष्ट खेल देखायो । खेल सकिन १ मिनेटको समय हुदाँ शंखमुलका गोलरक्षक समेत अघि बढ्दै खेल्न थालेपछि राइजिङलाई दबाब बढेको थियो । खेल धानिरहेको राइजिङले अन्तिम मिनेटमा भने धान्न नसक्दा हार व्यहोरेको हो । खेलको ४० औं मिनेटमा मणिले ह्याट्रिक पुरा गर्दै शंखमुललाई हारबाट टारेका थिए । त्यसपछि खेल अतिरिक्त समयमा धकेलिएको थियो । थप गरिएको अतिरिक्त समयको तेस्रो मिनेटमा मणिले नै व्यक्तिगत चौथो गोल गर्दै टिमलाई फाइनल प्रवेश गराएका हुन्। उनी खेलको म्यान अफ दि म्याच समेत घोषित भए। शंखमुलले यस अघि एलिमेटरमा घरेलु टोली सविन मेमोरियललाई हराउँदै क्वालिफाइ भएको थियो। शंखमुलको क्यासलसंग दोस्रो भेट हुदैं छ।

यस अघि लिग चरणमा क्यासल र शंखमुलले २-२ गोलको बराबरी खेल्दै अंक बाडेका थिए । क्यासलले पनि क्वालिफाइ खेलमा राइजिङ क्लबलाई हराउँदै फाइनलमा प्रवेश गरेको थियो। लिग विजेताले नगद १० लाख रुपैंया प्राप्त गर्नेछ भने उपविजेताले ५ लाख रुपैंया प्राप्त गर्नेछन् । यस्तै उत्कृष्ट खेलाडी, गोलरक्षक, डिफेन्डर, प्रशिक्षक र उदीयमान खेलाडीले समान २५-२५ हजार रुपैंया प्राप्त गर्नेछन । लिगमा ७ प्रदेशका १० टिमको सहभागिता रहेको थियो।

जितसंगे शंखमुलका मुख्य प्रशिक्षक प्रकाश परियारले खेल निकै प्रतिस्पर्धात्मक भएको बताए। उनले खेलाडीले लगातार खेल खेलेपनि उत्कृष्ट प्रदर्सन गरेको प्रतिक्रिया दिए। क्यासलविरुद्धको खेल फाइनल भएकाले खेलाडीले थकान विर्सेर खेल्ने उनले बताए।

राइजिङ क्लबका मुख्य प्रशिक्षक युवेन्द्र गुरुङले आफ्ना मुख्य खेलाडी यस अघि नै घाइते भएकाले जितको आशा नरहेपनि खेलाडीले उच्च स्तरीय खेल प्रदर्सन गरेको बताए। उनले हारबाट पनि खुसी रहेको प्रतिक्रिया दिए।

भौतिक पूर्वाधार निर्माण सहित केही समय ढिलो उक्त केवलकार संचालन हुदा करिब ६२ करोड बढी लगानी थपिएको कम्पनीका अध्यक्ष रामचन्द्र शर्माले बताए । उक्त केवलकार निर्धारित समयमा सम्पन्न हुदा १ अर्ब ७८ करोड रुपैया लगानी हुने तयारी गरे पनि अब २ अर्ब १० करोड लगानी पुराउने लक्ष्य राखेको अध्यक्ष शर्माले बताए।

स्वदेशी र प्रवासी नेपालीहरुको संयुक्त लगानी एवं सम्भार स्वागत पर्यटकीय गन्तव्य बन्दीपुर केवरकाल र क्वीनटावर भन्ने नाराको साथ अघि बढेको वन्दीपुर केवलकारको हालसम्म करिब ९७ प्रतिशत भौतिक संरचना निर्माण भएको उनले जनाए। उक्त केवलकारमा १९ गोन्डला, प्रति घण्टा ५ सय यात्रु वोक्ने क्षमताको रहेको छ । कम्पनीले करिब डेढ बर्ष पछि आइपियो निन्कासन गर्ने भएको छ। कम्पनीले ६ अर्बको परियोजनाको महत्वकाक्षि योजना अघि सारेको छ। २ लाख जनालाई रोजगार सृजना गर्ने योजना रहेको छ। बृज बजारमा ५ प्रतिशत छुट हुने, प्रिभिलेज कार्डको व्यबस्था गरेको कम्पनीले जनाएको छ । १० औं हजार पर्यटक कसरी ल्याउन सकिन्छ, यहाँको जनाताको जीवन स्तर उकास्ने, आम्दानी बढाउने, कम्पनीले शेयर धनिलाई मुनाफा बढाउने तर्फ केन्द्रित रहेको कम्पनीका अध्यक्ष शर्माले बताए।

न्यूनतम ५ लाख देखि ५० लाखसम्म र आपसी समझदारीमा समेत शेयर लगानी गर्न सकिने कम्पनीले ब्यबस्था गरेको छ। १० बर्षमा तेब्बर शेयर धनि बनाउने कम्पनीको दाबी छ । बन्दीपुर गडी, लेजर लाइट जडान, झर्ना निर्माण, म्युजिकल नृत्य समेत प्रर्दशन गर्ने लक्ष्य जुन माथिल्लो स्टेसनमा राखिने रहेको छ। ८४ वटा रुमबाट १ सय ५ रुममा ५ तारे होटल संचालनको तयारी गरेको छ। आइएसओ अर्न्तगत सेवा पारदर्शी चुस्तदुरुष्त सेवा, परियोजनासंग प्रत्यक्ष समुदायलाई योग्यता र दक्षताको आधारमा रोजगारको सृजना गर्ने कम्पनीको योजना रहेको छ। उक्त केवलकारको लम्बाई ३ हजार ६ सय मिटर रहने भएको छ। कृषि मुलक उत्पादित बस्तुको ग्यारेन्टी गर्ने, २० करोड कृषि परियोजनामा लगानी गर्ने भएको छ। उक्त परियोजनाको लागि ३ प्रतिशत ऋण सम्झौतामा अघि बढाएको छ। माथिल्लो तथा तल्लो स्टेशनको काम तिब्र रुपमा काम गरेको । कम्पनीमा हाल शेयर सदस्य ८ सय २२ जना रहेका छन भने गत असार मसान्तरसम्ममा अधिकृत पुंजि १ अर्ब रहेको छ। त्यसै गरी जारी पुंजि ७५ करोड, चुक्ता पुंजि २० करोड, कुल चुक्ता पुंजि ४१ करोड ६९ लाख ७३ हजार ५० रुपैया रहेको कम्पनीले जनाएको छ

# पुर्वाधार निर्माण गरि खेलकुदको विकास गर्ने -मन्त्री राजिब गुरुङ

पोखरापत्र संवाददाता
गोर्खा, २१ असोज



गण्डकी प्रदेशभित्रका गाउँमा खेलकुदका भौतिक पुर्वाधार खेलमैदान निर्माण गरि खेलाडीलाई प्रोत्साहन गर्दै खेलकुदको विकास गर्ने मन्त्री गुरुङले जनाएका छन्।

युनाइटेड युथ क्लब रिसान थालाजुङ्ग गोर्खाको आयोजनामा शुभकामना आदानप्रदान तथा खुल्ला फुटबल प्रतियोगिता कार्यक्रमको उद्घाटनमा गण्डकी प्रदेशका युबा तथा खेलकुद मन्त्री राजिब गुरुङले गाउँ गाउँमा खेलमैदानका पुर्वाधार निर्माण गरि खेलकुदको बिकास गर्न आफ्नो लक्ष्य रहेको जनाएका छन् ।मन्त्रालयले सबै बिधाका खेलाडीलाइ प्रोत्साहन गर्ने कामभएकोले अब हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा गण्डकी प्रदेशका खेलाडीले राम्रो नतिजा ल्याउने मन्त्री गुरुङले बिश्वास व्यक्त गरेका छन्।

खेलाडीहरुले उच्च मनोबलका साथ खेलकुद प्रशिक्षण निरन्तर गरे मात्र सफल हुने बताएका छन् ।उद्घाटन कार्यक्रममा मन्त्री गुरुङले प्रदेशका सम्पुर्ण गाउँमा रहेका खेलमैदानको अवस्था निरीक्षण गरि भौतिक पुर्वाधार भत्केका बिग्रेका र अहिलेसम्म प्रयोगमा आउन नसकेका खेलमैदानको पुन निर्माण गर्ने जनाएका छन्। राम्रो खेलमैदान भएपछि खेलाडीलाई प्रोत्साहन हुने हुदा खेलाडीले राम्रो नतिजा ल्याउने बताएका छन्।

पुन निर्माण सम्पन्न भएपछि गण्डकी प्रदेश भित्रका सम्पुर्ण गाउँमा बस्ने खेलाडीहरुले समेत अब प्रशिक्षण लिन आफ्नै ठाउमा पाउने मन्त्री गुरुङले बताए।

गाउँ स्तरमा सन्चालन हुने साना ठुला प्रतियोगिताले नै देशमा उत्कृष्ट खेलाडी जन्माउने हुदा यस्ता प्रतियोगिता हरुले खेलाडीको आत्मबल बड्ने र उत्कृष्ट खेलाडी हरुको पहिचान समेत गर्न सहज हुने हुदा गाउँ गाउँ मा खेलकुद क्षेत्रको विकासका लागि प्रतियोगितालाई अज सबै जिल्लाका धेरै भन्दा धेरै ठाउँहरुमा सन्चालन गर्नुपर्ने बताए।

कार्यक्रममा खेलाडीलाई प्रोत्साहन गर्ने उदेश्य अन्तरगत मन्त्री गुरुङले प्रतियोगिता बाट उत्कृष्ट हुने खेलाडीलाई नगद रु ५ हजार दिने घोषणा समेत गरेका छन् ।

कार्यक्रममा मन्त्री गुरुङले खेलका लागि आवश्यक पर्ने खेलकुद सामाग्रीहरु गोर्खा जिल्लाका विभिन्न क्लबका अध्यक्ष तथा खेलाडीलाई बितरण गरेका थिए। यसरी वितरण भएका खेलकुद सामाग्रीहरुमा फुटबल, भलिबल,नेट जाली लगाएतका सामाग्री रहेका छन् । बिहीबारदेखि २६ गतेसम्म चल्ने फुटबल प्रतियोगितामा चितवन,काठमाडौ, लमजुङ, तनहुँ लगाएतका जिल्ला बाट २१ टिम को सहभागिता रहेको युनाइटेड युथ क्लब रिसान थालाजुङ्गका अध्यक्ष रामकुमार गुरुङले जानकारी दिए।

# गण्डकी अटो मेकानिक्सद्वारा रक्तदान

पोखरापत्र संवाददाता
पोखरा, २१ असोज



गण्डकी अटो मेकानिक्स वर्क्स एशोसिएशनको २८ औं वार्षिकात्सवको अवसरमा २८ औं खुल्ला रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।

संस्था स्थापना देखि नियमित गरिदै आएको कार्यक्रमको शुभारम्भ पहिलो रक्तदाता एशोसिएसनका सचिव विष्णुप्रसाद अधिकारीलाई पोखरा उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष विश्वशंकर पालिखेले ब्लड ब्याग हस्तान्तरण गरी गर्नुभएको थियो। व्यवसायिक हितका लागि व्यवस्थित व्यवसाय गर्न सके सफल हुने प्रमुख अतिथि पालिखेले बताउनुभयो । ४६ जनाले रक्तदान गरेको कार्यक्रममा रक्तदानको महत्वमाथि रक्तसञ्चार केन्द्रका प्रमुख अर्जुन ज्ञवालीले आफ्नो धारणा राखेका थिए । एशोसिएशनका अध्यक्ष सन्तोषकुमार मिश्रको सभापतत्वमा भएको कार्यक्रममा पूर्व अध्यक्ष कूलबहादुर नेपाली, प्रेस सल्लाहकार कृष्णबहादुर थापा, पूर्व ट्राफिक प्रमुख शिव बहादुर थापा, गण्डकी अटो मोबाइलका उपाध्यक्ष कृष्ण श्रेष्ठ, ४० औं पटक रक्तदान गर्ने शम्भु श्रेष्ठ, उपाध्यक्ष कृष्ण खाँड, महासचिव योगेन्द्र राजभण्डारी, कार्यक्रम संयोजक मियाल अन्सारी लगायतले आफ्नो धारणा राखेका थिए।

# कमलपोखरी सहकारीको १३ औं वार्षिक साधारण सभा सुरु

पोखरापत्र संवाददाता
पोखरा, २१ असोज



पोखरा महानगरपालिका वडा नं १३ बाँझापाटन स्थित कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि.को १३ औ बार्षिक साधरण सभा विहीवारदेखी सुरु भयो।

सहकारी रजिष्ट्रार कार्यालय गण्डकीका रजिष्ट्रार उदयबहादुर पराजुलीले सभाको उद्घाटन गर्दै सहकारी प्रति सवै सदस्यहरुको सकारात्मक सोच बद्दै गएकोमा प्रशंससा गरे।

कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष माधवप्रसाद आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा सल्लाहकार गणेश आचार्य लगायत वोलेको कार्यक्रममा कोषाध्यक्ष रमेशकुमार झाले स्वागत, शिक्षा उपसमितिका सदस्य शान्ति केसी पौडेलले सात सिद्धान्त वाचन गरेकी थिइन भने संचालन सचिव इन्द्रवहादुर कुँवरले गरेका थिए। कार्यक्रमका समापन भर्चुअल प्रविधिवाट आगमी २५ गते हुने अध्यक्ष आचार्यले वताए।

८०५....

आठ र २०० भन्दा बढी संक्रमित भएका जिल्ला २० रहेका छन्। पाँच सयभन्दा बढी संक्रमण हुने जिल्ला मोरङ, सुनसरी, झापा, काठमाडौं, ललितपुर, भक्तपुर, कास्की र रुपन्देही रहेका छन्। संक्रमण दर १८.८ प्रतिशत रहेको छ। पछिल्लो २४ घण्टामा ९११ जना संक्रमणमुक्त भएका छन्। यससँगै नेपालमा हालसम्म संक्रमणमुक्त हुनेको संख्या सात लाख ७३ हजार १४० रहेको छ। नेपालमा संक्रमणमुक्त हुने दर ९६.६ प्रतिशत रहेको छ। यस्तै संक्रमणबाट पछिल्लो २४ घण्टामा आठ जनाको निधन भएको छ । अहिलेसम्म संक्रमणबाट ११ हजार २०० जनाको निधन भइसकेको छ । हाल देशभर ३२९ जना सघन उपचार कक्ष (आइसियु), ११२ जना भेन्टिलेटर, १४ हजार ७२८ जना होम आइसोलेसन, एक हजार २१४ जना संस्थागत आइसोलेसन र २४२ जना क्वारेन्टिनमा रहेका छन्।

बिहीबार ५७ हजार १५८ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्। अहिलेसम्म ८० लाख आठ हजार ८५४ पहिलो मात्रा र ६४ लाख ३० हजार ४३१ पूर्ण मात्राको खोप लगाइसकेका छन्।

# पत्रकार कुँवर र भागवत भाष्कर गौतमलाई सृजना समाजसेवा पुरस्कार प्रदान गरिने

पोखरापत्र संवाददाता
पोखरा, २१ असोज

पोखरास्थित सृजना विकास केन्द्रले पत्रकार श्यामनाथ कुँवर र भागवत भाष्कर कमल नयन गौतमलाई पुरस्कृत गर्ने भएको छ।


सामाजिक क्षेत्रमा कलम चलाउने पत्रकार र सामाजिक क्षेत्रमा सक्रिय व्यक्तित्वलाई केन्द्रले सम्मान गर्ने उद्देश्य अनुसार कुँवर र गौतमलाई सम्मान गर्न लागिएको संस्थाका अध्यक्ष ईन्द्र पौडेलले जानकारी दिए। संस्थाका प्रथम उपाध्यक्ष कृष्णबहादुर थापा संयोजक रहेको प्रतिभा छनोट समितिले कुँवर र गौतमलाई पुरस्कृत गर्न सिफारिस गरेको र संस्थाको बोर्ड बैठकले सो सिफारिसलाई अनुमोदन गरेको हो । दुवै पुरस्कारका राशि २५ हजार ५५५ रुपैयाँ नगद, सम्मानपत्र र दोसल्ला रहेको छ। संस्थाको यहि २५ गते हुने ४४ औं वार्षिकोत्सव तथा ४१ औं साधारणसभाका अवसरमा पत्रकार कुँवर र भागवत भाष्कर गौतमलाई सम्मान गरिने अध्यक्ष पौडेलले बताए।

पत्रकार कुँवर विगत तीन दशकदेखि पोखरामा रहेर पत्रकारिता गर्दै आएका छन् भने भागवत भाष्कार गौतम साढे दुई दशकदेखि सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान पुर्याउँदै आएका छन् । कुँवर पोखरास्थित समाधान दैनिकमा कार्यरत छन् भने गौतम राष्ट्रिय परोपकार महासंघका केन्द्रीय अध्यक्ष हुन् । प्रतिभा छनोट समितिमा संस्थाका द्धित्तीय उपाध्यक्ष कमला गिरी, सदस्य अशोक श्रेष्ठ, नागरिक समाज कास्की, नेपाल पत्रकार महासंघ कास्की सदस्य र संस्थाका अध्यक्ष र महासचिव पदेन सदस्य रहेका थिए।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# सरकारलाई पूर्णता दिन तीन महिना

सर्वोच्च अदालतको परमादेशबाट प्रधानमन्त्री नियुक्त भएका शेर बहादुर देउवाले तीन महिनामा सरकारलाई पूर्णता दिन लागेका छन। सत्ता गठबन्धनका दलहरूबीच मन्त्रालयको भागबन्डा मिलाउन सकस परेको थियो । आफ्नो सत्ता टिकाउन दल विभाजन गर्ने खुकुलो अध्यादेश ल्याएपछि सरकारलाई पूर्णता दिन नसकेकोमा आलोचना भएको थियो । जनता समाजवादी र नेकपा एकीकृत समाजवादीमा मन्त्रीका आकांक्षा गर्ने धेरै भएकाले मन्त्री छान्न सकस परेको थियो । लामो छलफलपछि सत्ता गठबन्धनका शीर्ष नेताहरुले ८९ दिनपछि शुक्रबार मन्त्रिपरिषद्लाई पूर्णता दिने सहमति जुटाएका छन् । बालुवाटारमा विहीबार बसेको बैठकले मन्त्रालय बाँडफाँडको टुंगो लगाएर शुक्रबार मन्त्रिपरिषद्लाई पूर्णता दिने सहमति जुटाएको छ।

जसपा र एकीकृत समाजवादीले मन्त्रीको नाम टुङ्ग्याउन सकेको छैन । अध्यादेश ल्याएर एमाले विभाजन गर्ने वितिक्कै राजमो बाहेक चार दलले समान मन्त्रालय लिने प्रचार गरेका थिए । शुरुमा माधवकुमार नेपाललाई रोजाईको मन्त्रालय दिने आश्वासन दिएपनि पछि काङ्ग्रेस र माओवादीले शक्तिको आधारमा बाँडफाँडको हुनुपर्ने प्रस्ताव राखे। त्यसैलको आधारमा कांग्रेसलाई प्रधानमन्त्रीसहित ९, माओवादी केन्द्रलाई ५, जसपा र नेकपा एकिकृत समाजवादीले ४-४ मन्त्रालय लिने सहमति भएको छ। विहीबारको सहमति बमोजिम दलहरुले आन्तरिक तयारी गरेको अवस्थामा शुक्रबार मन्त्रिपरिषद् विस्तार हुने भएको छ।

गठबन्धनमा मन्त्रालय भागबण्डामा असन्तुष्टि राख्दै आएको नेकपा एकिकृत समाजवादीले दुई राज्यमन्त्रीसहित ४ मन्त्रालय लिने गरी सहमति जुटेको छ। एकिकृत समाजवादीले स्वास्थ्यसहित ४ मन्त्रालय पाएको छ। उसले शहरी विकास, संस्कृति तथा पर्यटन र श्रम तथा रोजगार मन्त्रालय पाएको छ। सरकारको नेतृत्व गरेको कांग्रेसले प्रधानमन्त्रीसहित रक्षा, गृह, परराष्ट्र, सञ्चार तथा सूचना प्रविधि, महिला तथा बालबालिका र युवा तथा खेलकुद मन्त्रालय लगायत राखेको छ।

त्यस्तै, नेकपा माओवादी केन्द्रले अर्थ, ऊर्जा, शिक्षा, विज्ञान तथा प्रविधि, भूमि व्यवस्था तथा गरिबी निवारण र खानेपानी मन्त्रालय पाएको छ। जसपाले भौतिक पुर्वाधार तथा यातायात, कृषि तथा पशुपन्छी, संघीय मामिला तथा सामान्य प्रशासन र बन तथा बातावरण पाउने भएको छ। मन्त्रिपरिषद विस्तारमा ढिलो भए पनि दशैको मुखमा सत्ता गठबन्धनका सबैलाई चित्त बुझाउने काम प्रधानमन्त्री देउवाले गरेका छन।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बड्ने |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : आर्थिक समस्या | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शारीरिक झमेला | मकर | : कार्यमा सफलता |
| सिंह | : शत्रुको भय | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# जिल्लास्तरीय ब्याडमिन्टन प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
**लमजुङ, २१ असोज**

लमजुङ बैंसीशहर नगरपालिका-८ मा जिल्लास्तरीय ब्याडमिन्टन प्रतियोगिता सुरु भएको छ।

विजय दशमी तथा दिपावलीको अवसरमा फिटनेस कम्प्लेक्सद्वारा आजदेखि आयोजित तीन दिने सो प्रतियोगिताको उद्घाटन गर्दै बैंसीशहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्यालले यस्ता प्रतियोगिताले युवाको प्रतिभाव पहिचान हुने बताउनुभयो । उहाँले जिल्लामा विभिन्न खेलकूद प्रतियोगिता हुने भए पनि प्रविधियुक्त खेलकूद मैदानको अभाव रहेकाले नगरपालिकाले अब पूर्वाधार विकासमा जोड दिइने बताउनुभयो।

नगरपालिकाका उपप्रमुख लक्ष्मी अधिकारीले यस्तो प्रतियोगिताले युवालाई स्वास्थ्य रहन मद्दत पुग्ने उल्लेख गर्दै युवा सक्षम र दक्ष भएमा यसले समाज र राष्ट्रको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो।

बैंसीशहर नगरपालिका-८ वडाध्यक्ष पवित्रा थापामगर, राष्ट्रिय खेलकूद विकास समितिका अध्यक्ष कालु गुरुङ, राष्ट्रिय युवा परिषद्का अध्यक्ष जुन तामाङ, जिल्ला ब्याडमिन्टन सङ्घका अध्यक्ष तथा बैंसीशहर खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष कृष्णलाल प्रधानलगायतले खेलकूद देश विकासको मेरुदण्ड रहेको बताउनुभयो। कम्प्लेक्सका सञ्चालक आनन्द श्रेष्ठका अनुसार यस प्रतियोगितामा २३ समूहको सहभागिता रहनेछ । प्रतियोगितामा प्रथम हुने समूहलाई रु २० हजार, दोस्रोलाई रु १५ हजार र सेमिफाइनलष्टिलाई रु पाँच हजारसहित मेडल र प्रमाणपत्र प्रदान गर्नेछ।

# गोरखा दरबारको दसैँघरमा विधिपूर्वक राखियो जमरा

**पोखरापत्र संवाददाता**
**गोरखा, २१ असोज**

गोरखाको कालिका मन्दिरमा रहेको दसैं घरमा बिहीबार विधिपूर्वक जमरा राखिएको छ । बिहान ११ बजेर ४६ मिनेटको शुभसाइतमा जौको जमरा राखिएको गोरखा दरबार हेरचाह अड्डाका प्रमुख हरिप्रसाद भुसालले जानकारी दिनुभयो।

परम्पराअनुसार बिहान सबेरै (बिहान नाडीको रौं देखिने बेला) झुकझुके उज्यालोमा देवी भगवतीको सवारी गराएपछि कालिका भगवतीको मन्दिर र गोरखनाथ गुफामा जमरा राखिएको उहाँले बताउनुभयो । कालिका भगवती मन्दिरमा दुई पाथी र गोरखनाथ गुफामा एक पाथी जौको जमरा राखिएको प्रमुख भुसालले जानकारी दिनुभयो।

यसअघि मूल दरबारको कैलाश कोठाबाट भित्री बाटो हुँदै देवी भगवतीका सवारी गराउने प्रचलन रहँदै आएको भए पनि भूकम्पले मूल दरबारमा पूर्ण क्षति पुगेकाले कैलाश कोठाको स्थापना गरी देवीको सवारी गराइएको कालिका मन्दिरका मूल पूजारी शारदाप्रसाद भट्टराईले जानकारी दिनुभयो । जमरा राख्नुअघि मूल दरबारमा नै पानी घडी स्थापना गर्नुपर्ने प्रचलन रहेको भए पनि दरबार जीर्णोद्धारका लागि भत्काइएकाले नयाँ स्थानमा पानी घडी स्थापना गरी घटस्थापना गरिएको उहाँले बताउनुभयो।

गोरखाको गोरखकाली मन्दिरमा जमरा राखेपछि मात्र देशभरका हिन्दू धर्मालम्बीले जमरा राख्छन् भन्ने धार्मिक मान्यता रहँदै आएको छ । बडादसैंमा लगाइने टीकासँगै जमरा लगाउँदा शुभ हुने विश्वासका कारण यहाँ प्रत्येक वर्ष जमरा राख्ने गरिन्छ। प्रतिपदा सुरु भएसँगै कालिका मन्दिरमा नियमित रूपमा कालो बोका बलिदिने प्रचलन रहँदै आएको छ।

यस्तै घटस्थापनाका बिहानको शुभसाइतमा गोरखाको मनकामना मन्दिरमा पनि जमरा राखिएको मन्दिरका पूजारी इन्सान थापाले जानकारी दिनुभयो । मनकामना मन्दिरमा भने मकै र जौको छुट्टाछुट्टै जमरा राखिएको उहाँले बताउनुभयो । परम्परा अनुसार विगतदेखि नै छुट्टाछुट्टै जमरा राख्नुपर्ने भएका कारण सोही अनुसार नित्य पूजा गरी जमरा राखिएको मूलपूजारी थापाले जानकारी दिनुभयो। गणेश र कलस स्थापना गरी दुवै ठाउँमा जमरा राखिएको उहाँको भनाइ छ।

कोरोना सङ्क्रमणको जोखिम कायमै रहेका कारण मन्दिरमा सर्वसाधारणका लागि खुला गरिएको भए पनि घटस्थापनाका दिन ठूलो भीडभाड हुने जिल्लाका सबैजसो शक्तिपिठ मनकामना मन्दिर, कालिका मन्दिर, गोरखनाथ गुफा अघिल्ला वर्षमा जस्तो भक्तजनको भीडभाड भने कम रहेको छ।

# नौ कलाकार सम्मानित

**रासस**
**काठमाडौं, २१ असोज**

कलाकारिताका क्षेत्रबाट नेपाली चलचित्र क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै नौ जना कलाकारलाई 'दोस्रो राष्ट्रिय नवदुर्गा सम्मान' बाट सम्मान गरिएको छ।

रेजिना इन्टरटेनमेन्ट प्राली र शहीद फिल्मस प्रालीले यहाँ बिहीबार आयोजना गरेको कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले वरिष्ठ अभिनेत्री चैत्यदेवी सिंह, लक्ष्मी गिरी, मौसमी मल्ल र शर्मिला मल्ललाई सम्मान गर्नुभयो।

त्यसैगरी मन्त्री भुसालले अभिनेत्री केकी अधिकारी, सुरक्षा पन्त, निता ढुङ्गाना, रामराज्यलक्ष्मी शाह र उपासनासिंह ठकुरीलाई पनि सम्मान गर्नुभयो। सोही अवसरमा मन्त्री भुसालले समावेशिताका कारण राज्यका सबै क्षेत्रमा महिलाको सहभागिता बढ्दै गएको बताउनुभयो। उहाँले राज्यका हरेक संरचनासहित अन्य क्षेत्रको नेतृत्व तहमा महिलालाई पुऱ्याउनका निम्ति भएका ऐन/कानुनको कार्यान्वयन गर्न सकारात्मक दबाब दिनुपर्नेमा जोड दिनुभयो।

मन्त्री भुसालले नेपाली चलचित्र क्षेत्रमा देखिएका समस्या समाधान गर्न सक्दो प्रयास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । चलचित्र विकास बोर्डका अध्यक्ष दयाराम दाहालले कोरोनाका कारण बन्दाबन्दी भएर चलचित्र हल बन्द हुँदा पनि राज्यले त्यतिबेलाको बिजुलीको बिल तिर्नुपरेको गुनासो गर्दै त्यसलाई छुट गर्नुपर्ने माग गर्नुभयो।

# मोहरपानी आदर्शको शुभकामना आदानप्रदान तथा प्रतिक्षालय उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ असोज**

मोहरपानी आदर्श टोल बिकाश संस्था, पोखरा १३ आर्वाले बिजयादशमी तथा शुभ दिपावली २०७८कोपावनअवसरमाआयोजना गरेको शुभकामना आदानप्रदान तथा चियापान एवं टोल बिकाश संस्थाद्वारा निर्मित प्रतिक्षालयको उद्घाटन कार्यक्रम बिहिबार घटस्थापनाको दिन आर्वा मा सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं १३ का वडा अध्यक्ष दर्शन लामाले नवनिर्मित प्रतिक्षालयको उद्घाटन गर्दै टोल बिकाश संस्था ले गरेको काम सर्हानिय भएको बताए। उनले सबै मिलेर काम गरेको खण्डमा बिकाश निर्माण का काम अगाडी बढ्ने उल्लेख गरे। अध्यक्ष लामाले प्रतिक्षालय निर्माणमा सहयोग गर्ने सहयोगदाता हरुलाई सम्मानित गरेका थिए।



मोहरपानी आदर्श टोल बिकाश संस्था, पोखरा १३ आर्वा का अध्यक्ष श्रीराम सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा, श्री मोहरपानी आदर्श टोल बिकाश संस्था का सल्लाहकार ऋषि राम सिग्देल, सहयोगदाता, युवा समाजसेवी रबी वराल, सहयोगदाता समाजसेवी कृष्ण कुमारी बराल, सहयोगदाता गनगने वास्थला खानेपानी तथा सरसफाई उपभोक्ता समिति का अध्यक्ष नर बहादुर बराल, रतन पाण्डे बचत तथा ऋण सहकारी संस्था लि का अध्यक्ष बसन्त शर्मा अधिकारी, जेष्ठ नागरिक कल्याणकारी संस्था पोखरा १३ आर्वा का अध्यक्ष रुद्र नाथ बराल, अमलाचौर चापडाँडा टोल बिकाश संस्था का अध्यक्ष हरि बहादुर बराल, सहेले सालघारी बन उपभोक्ता समिति का अध्यक्ष बिष्णु प्रसाद बराल, नेपाली कांग्रेस पोखरा १३वडा ईकाई समिति का सभापति माधब सिग्देल, लगायत ले टोल बिकाश संस्था ले गरेको कामको प्रशंसा गर्दै शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रममा प्रतिक्षालय निर्माण उपसमिति का संयोजक सुर्यबहादुर सिग्देल ले प्रतिक्षालय निर्माण गर्दा भएको आम्दानी तथा खर्चको आय व्यय सार्वजनिक गरेको कार्यक्रमको टोल बिकाश संस्था का सचिव शिबराज बरालले सञ्चालन गरेका थिए।

# खरको छानो फेरेर दशैं मनाउँदैछन् विपन्न

**पोखरापत्र संवाददाता**
**दमौली, २१ असोज**

व्यास नगरपालिका-५ चिन्तुटारका चन्द्रबहादुर दरैको खरको छाना भएको घर छ। वर्षौंदेखि उहाँले सोही खरको छानामुनि जीवन निर्वाह गर्दै आउनुभएको छ । खरको छाना जोखिमपूर्ण भए पनि आर्थिक अवस्थाकै कारण छाना फेर्न नसकेको दरैले बताउनुभयो । "सबैभन्दा बढी डर आगलागीबाट हो, छाना फेर्न नसक्दा वर्षौंदेखि खरको छानामै ओत लागियो", उहाँले भन्नुभयो, "पानी पर्दा पनि चुहिने समस्या त छँदैछ।"

सोही वडाको चुँदेर निवासी अनिता थापाको पनि खरले छाएको घर छ। वर्षात्का समयमा खरको छाना चुहिएर समस्या हुने गरेको उहाँले गुनासो गर्नुभयो "ठूलो पानी पर्दा चुहिएर साह्रै समस्या छ, आगलागीको जोखिम पनि हुने सुनिन्छ", उहाँले भन्नुभयो। मजदुरी गरेर घरखर्च चलाउँदै आउनुभएका चिन्तुटारका सुकबहादुर दरैले जस्ताको पाताले घर छाउने हैसियत नभएको बताउनुभयो । "दैनिक काम नगरे छाक टार्नै मुस्किल हुन्छ, जसोतसो जे छ त्यहीअनुसार नै जीवन निर्वाह गर्दै आएका छौं", उहाँले भन्नुभयो। अब उहाँहरू खरको छानामुनि बस्नुपर्दैन । उहाँहरूले अब नयाँ जस्तापाताले घर छाएर दशैं मान्न पाउने हुनुभएको छ । खरको छानामुक्त अभियानअन्तर्गत व्यास -५ ले विपन्न परिवारलाई जस्तापाता प्रदान गरेको छ । वर्षौंदेखि खर र फुसको छानामुनि बसोबास गर्दै आएका विपन्न परिवार पहिचान गरी खरको छानामुक्त अभियान सुरु गरिएको व्यास -५ का वडाध्यक्ष एवं नगरपालिकाका प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिनुभयो । "खरको छाना जोखिम भएकाले सर्वसधारणलाई सुरक्षित बनाउन नगरपालिकाले जस्ताको छाना छाउने काम सुरु गरेको छ", उहाँले भन्नुभयो।

व्यास -५ ले विनियोजन गरेको बजेटबाट सर्वसाधारणलाई जस्तापाता वितरण सुरु गरिएको श्रेष्ठले जानकारी दिनुभयो । वडाबाट विनियोजिन गरिएको रु १० लाखको बजेटबाट जस्तापाता वितरण थालिएको छ। खरको छानामुक्त बनाउन वडामा रु १९ लाख २७ हजार २६९ बजेट आवश्यक पर्ने र बाँकी रकम भने नगरपालिकाले विनियोजन गरेको छ। "खरको छानामुक्त वडा बनाउने अभियानअन्तर्गत खरको छानामुनि बस्दै आएका नागरिकको तथ्याङ्क सङ्कलन गरी जस्तापाता वितरण सुरु गरेका छौं", उहाँले भन्नुभयो, "यही वर्षभित्र वडा खरको छानामुक्त बनाउँछौं ।" वडा कार्यालयले पहिलो चरणमा २८ घरधुरीलाई जस्तापाता वितरण गरेको छ । खरको छानामुक्त बनाउनका लागि प्रदेश सरकारबाट पनि लाभग्राही छनोट भइआएकाले दोहोरो नपर्ने गरी वितरण गरिने जनाइएको छ।

नगर प्रमुख वैकुण्ठ न्यौपानेले नगरवासीको सुरक्षा नगरपालिकाको दायित्व भएकाले खरको छाना भएका सबै घरलाई जस्तापाताले छाउने जानकारी दिनुभयो। खरको छानामुक्त बनाउन नगरपालिकाले बजेट विनियोजन गरेको र त्यसको सुरुआत व्यास-५ बाट भएको उहाँले बताउनुभयो । "खरको छाना हुँदा आगलागीलगायतका जोखिम हुन्छ, सोहीबमोजिम खरको छानामुक्त बनाउने नगरपालिकाको अभियान हो", उहाँले भन्नुभयो, "सबै वडामा यो अभियान सञ्चालन हुन्छ ।" नगरपालिकाले बोलपत्र प्रक्रियाबाट जस्तापाता खरिद गरिसकेको उहाँले बताउनुभयो।

# घाचोकमा सनराइज क्लबको आयोजनामा २३ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ असोज**

कास्कीको माछापुच्छ्रे गाउँपालिका वडा नं ३ घाचोकमा आज आह्वान गरिएको खुला रक्तदान कार्यक्रमबाट २३ युनिट रगत संकलन भएको छ।

घाचोकमा क्रियाशील सनराइज युवा क्लबले रक्तदान कार्यक्रम आयोजना गरेको थियो । गाउँ गाउँमा रक्तादनको महत्वका बारेमा जनचेतना फैलाउने उद्धेश्यले क्लबले वर्षेनी कार्यक्रम आयोजना गर्दै आएको छ। कार्यक्रमका प्रमुख अतिथि गाउँपालिका अध्यक्ष कर्णबहादुर गुरुङले मानव शरीरबाट खेर गइरहेको रगत नियमित रक्तदानका माध्यमबाट बिरामीको ज्यान बचाउन उपयोगी हुने बताउनुभयो। कार्यक्रमका वडाध्यक्ष सूर्य प्रसाद लम्सालले रक्तदानको महत्वका बारेमा सबैले थाहा पाउनुपर्ने बताउनुभयो।

क्षेत्रीय रक्त सञ्चार केन्द्र पोखराको प्राविधिक टोलीले कार्यक्रममा प्राविधिक सहयोग उपलव्ध गराएको थियो। क्लबका अध्यक्ष रुद्र रानाभाटको सभापत्विमा सम्पन्न कार्यक्रममा स्वागत मन्तव्य निवर्तमान अध्यक्ष सुशिल जिसीले गर्नुभएको थियो भने संचालन कोषाध्यक्ष सरोज कार्कीले गर्नु भएको थियो।

# गृहमन्त्री खाँणद्वारा बाढीपहिरा प्रभावित मनाङको अनुगमन

**पोखरापत्र संवाददाता**
**मनाङ, २१ असोज**

गृहमन्त्री बालकृष्ण खाँणले जिल्लास्थित बाढीपहिराले क्षति पुऱ्याएको क्षेत्रको बिहीबार अनुगनमन तथा निरीक्षण गर्नुभयो।

उहाँलाई प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले गत असारमा अकल्पनीय रूपमा गएको बाढीले जिल्लामा क्षति पुऱ्याएको संरचना तथा पुन निर्माणका बारेमा जानकारी गरानुभएको थियो । सोही अवसरमा गृहमन्त्री खाँणले जिल्लास्थित सुरक्षा निकाय तथा कार्यालय प्रमुखसँग भेटघाट गरी सेवा प्रवाहलई थप चुस्त बनाउन निर्देशन दिनुभएको थियो । बाढीले सबैभन्दा बढी ताल गाउँमा क्षति पुऱ्याएको थियो।

सो अवसरमा पूर्व श्रम राज्य मन्त्री टेकबहादुर गुरुङले बाढी पहिरो प्रभावित जनताको जीविकोपार्जन तथा ती क्षेत्रको पुनर्निर्माण गर्न सरकारसँग आग्रह गर्नुभयो।

